सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को निमय ३ ब्रमोजिम सार्वजनिक गरिएको

# जिल्ला प्रशासन कार्यालय प्यूठान

## आ.व. २०७९/८० को

## स्वतः प्रकाशन गर्नुपर्ने प्रथम त्रैमासिक सूचना विवरण

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

जिल्ला प्रशासन कार्यालय

खलंगा, प्यूठान

२०७९

जिल्ला प्रशासन कार्यालय प्यूठानबाट २०७९ साल श्रावण १ गते देखि २०७९ आश्विन मसान्त सम्म भए गरिएका कामको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(४) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

१. कार्यालयको नामः- जिल्ला प्रशासन कार्यालय, प्यूठान ।

२. कार्यालयको काम कर्तव्य र अधिकारः-

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने ।
- हातहतियार तथा खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण; विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने ।
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने ।
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने ।
- गैरसरकारी सघसंस्था दर्ता, नवीकरण र नियमन गर्ने ।
- स्थानीय प्रशासनको सञ्चालन गर्ने ।
- नागरिकता वितरण गर्ने ।
- बाल कल्याण तथा बाल अधिकारको संरक्षण गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने ।
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने ।
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन गर्ने ।
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने ।
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने
- विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- मुआब्जा निर्धारण तथा वितरण गर्ने ।
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने ।
- जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार, संरक्षण र मर्मत गर्ने गराउने ।
- राहदानी वितरण गर्ने ।
- लागू औषध रोकथाम, नियन्त्रण र नियमन गर्ने ।
- जिल्ला स्थित कारागार कार्यालयको निरीक्षण तथा व्यवस्थापन गर्ने ।
- जिल्ला भित्र बजार क्षेत्रको अनुगमन, नियमन तथा नियन्त्रण गर्ने ।
- द्वन्द्व प्रभावित व्यक्तिको पहिचान तथा राहत वितरण गर्ने ।
- नाता प्रमाणित गर्ने ।
- निर्वाचन सम्बन्धी निर्वाचन आयोग र गृह मन्त्रालयको आदेश तथा निर्देशन कार्यान्वयन गर्ने गराउने ।
- जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग गर्ने ।
- राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण गर्ने ।
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग र समन्वय गर्ने ।
- कानून बमोजिम तोकिए अनुसारको मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
- सरकारी वा सार्वजनिक जग्गाको संरक्षण गर्ने ।
- जिल्ला भित्रको सार्वजनिक पार्टी, पौवा, धारा, कुवा, सत्तल, मन्दिर, धर्मशाला आदिको लगत राख्ने र संरक्षण गर्ने ।

प्रशासकीय अधिकृत

- भारतीय सेवामा कार्य गरी निवृत भएका व्यक्ति तथा तिनीहरुको परिवारको नाम, थर र उमेर फरक परेको विषयमा सिफारीश लगाएत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने ।
- नावालक परिचयपत्र वितरण गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्यूठान

३. कार्यालय अन्तरगत रहने शाखा/उपशाखा

- स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा
- नागरिकता तथा प्रतिलिपि शाखा
- आर्थिक प्रशासन शाखा
- राहादानी तथा जिन्सी दर्ता शाखा
- गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा
- मुद्दा तथा हातहतियार शाखा

४. कार्यालय अन्तरगत शाखामा रहने जिम्मेवारी कर्मचारीहरु

- आर्थिक प्रशासन शाखा
    - लेखापाल माया के.सी. (काज)
- नागरिकता तथा प्रतिलिपि शाखा
    - ना.सु. तेज बहादुर विश्वकर्मा
- राहदानी शाखा
    - क.अ. शगुन श्रेष्ठ(करार)
- मुद्दा तथा हातहतियार शाखा
    - ना.सु चुडामणी भण्डारी (काज)
- स्थानीय प्रशासन तथा शा.सु. शाखा
    - क.अ. लक्ष्मण रावत र क.अ. सन्दिप थापा(करार)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता स्टेशन
    - क.अ. सगुन शाक्य (करार)
    - दर्ता अपरेटर खगेन्द्र भण्डारी (करार)
    - फारम भर्ने/सहयोगी बर्षा खड्का (करार)

५. सेवा प्राप्त गर्न लाग्ने कागजात, दस्तुर तथा समयाअवधि

- नागरिक वडापत्रमा उल्लेख भए बमोजिम

६. निर्णय प्रक्रिया र अधिकारी

- प्रमुख जिल्ला अधिकारी बाट प्रत्यायोजन भएका विषयहरुका सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकिय अधिकृतहरुबाट र अन्य निर्णयहरु प्रमुख जिल्ला अधिकारी बाट हुने ।

७. गुनासो उपर उजुरी सुन्ने अधिकारी

- सहायक प्रमुख जिल्ला अधिकारी

८. प्रमुख जिल्ला अधिकारीः- सुनिता नेपाल (सम्पर्क नम्बरः ९८५७८१७७७७,)
सहायक प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद अधिकारी (सम्पर्क नं. ९८५७८५९६६६, ०८६४२०१३३)
प्रशासकिय अधिकृत एवम् सूचना अधिकारीः- मेघराज सोनी (सम्पर्क नम्बरः ९८५७८३७१३३, ०८६४२००३३)
प्रशासकीय अधिकृतः रामप्रसाद घिमिरे (सम्पर्क नम्बरः ९८५७८७५२२२)

प्रशासकीय अधिकृत

९. कार्यालयको

- Website: https://daopyuthan.moha.gov.np/
- Facebook page: जिल्ला प्रशासन कार्यालय प्यूठान
- Email Address: daopyuthan2074@gmail.com
  avilekhpyuthan@gmail.com

१०. कार्यालयको दरबन्दी संरचना

- कुल दरवन्दी -२२
- जम्मा पदपूर्ती भएको - १४
  - स्थायी - ८
  - करार - ६ (का.स. र ह.स.चा.)
- रिक्त दरबन्दी - ८ (करार सेवामा कार्यरत बाहेक)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखा कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीहरु- ३ (करार)

११. २०७९ श्रावण १ गते देखि २०७९ आश्विन मसान्त सम्म कार्यालयबाट प्रदान गरिएका सेवाहरु

| सि.नं. | सेवाको किसिम | - | महिना | | | जम्मा | प्रथम त्रैमासिकको कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भाद्र | आश्विन | | |
| क. | वशंजको आधारमा नयाँ नेपाली नागरिकता विवरण | | ५७४ | ३६८ | ४७३ | १४१५ | १४१५ |
| | नागरिकता प्रतिलिपपि | | ३२३ | ३६९ | २५२ | ९४४ | ९४४ |
| | बैवाहिक अंगिकृत नागरिकता वितरण | | ० | १ | ० | १ | १ |
| ख. | राहदानी | | | | | | |
| | तयारी राहदानी वितरण | | २८२ | ३९८ | ४१८ | १०९८ | १०९८ |
| | कार्यालयबाट सिफारिस | | २२९ | ४८७ | १२७ | ८४३ | ८४३ |
| | द्रूत सेवा सिफारिस | | ० | ० | ० | ० | ० |
| ग. | राष्ट्रिय परिचयपत्र दर्ता | | १२६७ | १३६१ | ९४८ | ३५७६ | ३५७६ |
| घ. | विविध सिफारिस | | | | | | |
| | भारतीय पेन्सनरको लागि | | २२ | ३७ | १९ | ७८ | ७८ |
| | आदिवासी सिफारिस | | ४२ | २२ | ४५ | १०९ | १०९ |
| | दलित सिफारिस | | ३२ | १३ | ५३ | ९८ | ९८ |
| | नामथर प्रमाणित | | १५ | २० | ५४ | ९९ | ९९ |
| | अन्य सिफारिस/चालचलन प्रमाणित | | २६ | १२ | २० | ५८ | ५८ |
| ङ. | नाबालक परिचय पत्र वितरण | | २ | १ | ३ | ६ | ६ |

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

| च. | सहायता कक्षबाट सेवा | ७८९ | ८१५ | | ३९५ | | १९९९ | | १९९९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छ. | मुद्दाको किसिम | | श्रावण | | भाद्र | | आश्विन | | | |
| | | | दर्ता | फछ्र्यौट | दर्ता | फछ्र्यौट | दर्ता | फछ्र्यौट | दर्ता | फछ्र्यौट |
| | १. क्षतीपूर्ती | | ० | १ | ० | २ (सरेको आएको) | ० | ० | - | ३ |
| | २. सार्वजनिक नैतिकता विरुद्ध | | १ | ५ (अघिल्लो आ.व. सरेको आएको मुद्दा ) | ० | ० | ० | ० | १ | ५ |
| | ३. ठाठो उजुरी | | २ | - | ० | ० | ० | ० | २ | - |
| | ४. कालो बजारी | | ० | - | ० | ० | ० | ० | ० | - |
| | जम्मा | | ३ | ६ | ० | २ | ० | ० | ३ | ८ |

| ज. | राजश्व संकलन | श्रावण | भाद्र | आश्विन | |
|---|---|---|---|---|---|
| | राहदानीबाट | ३०,३१,००० | २४,३५,००० | २३,८५,००० | ७८,५१,००० |
| | अन्य | ३०,५०० | ० | २९,००० | ५९,५०० |
| झ. | विपद पीडीतलाई राहत वितरण कार्यालयबाट | ४,४५,००० | ७५,००० | ११,४१,००० | १६,६१,००० |
| | विपद पीडीतलाई राहत वितरण प्रदेश सरकारबाट | ० | ० | ० | ० |
| ञ. | संघसंस्था नविकरण. दर्ता | ३/० | १/० | १/१० | ५/१० |
| ट. | हा.ह.ख.ख. नामासारी/नविकरण | ३ | ० | १ | ४ |
| ठ. | विष्फोटक इजाजत पत्र/नविकरण | ० | ० | ० | ० |
| ड. | कार्यालय अनुगमन | १ | | | |
| ढ. | बजार अनुगमन | भाद्र महिनामा जिल्ला प्रशासन, इलाका प्रशासन कार्यालयको नेतृत्वमा बडडाडौं, चक्चके, भिंगृ, बिजुवार र बाग्दुला बजार क्षेत्रको संयुक्त बजार अनुगमन गरिएको । | | | |

१२. यस कार्यालयबाट गरिएका अन्य कार्यहरु —

क) कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरु

- जिल्लामा कोभिड-१९ व्यवस्थापन सम्बन्धमा स्वास्थ्यको पूर्वाधारहरुमा अस्पताल १ वटा, वेड संख्या ५, HDU Bed ५वटा रहेको छ भने ICU र भेन्टिलेटर नरहेको अवस्था छ ।
- नेपाल सरकारको नीति अनुसार नागरिकहरुलाई कोभिड-१९ विरुद्धको खोपको पहिलो मात्रा जम्मा १,७०,२८१(९१%) जनालाई, खोपको पुरामात्रा जम्मा १,५९,३३४(८५%)जना र बुष्टर डोज १०२,३३३(६४%) व्यक्तिहरुलाई लगाइएको छ ।
- जिल्ला अस्पतालमा अक्सिजनको सहज आपुर्ति व्यवस्थाको लागि मध्यमस्तरको अक्सिजन प्लान्ट निर्माण गरि सञ्चालन गरिएको ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

- जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को १ वटा बैठक बसी गरेका निर्णयहरु सरोकारवाला सबै निकायहरुबाट प्रभावकारी रुपमा कार्यान्वय गरिएको छ ।
- हालसम्म जिल्लामा कोभिड-१९ संक्रमित पहिचान गर्न २६,६२७ को Antigen परीक्षण गरिएकोमा ३५६७ जना कोभिड-१९ पोजेटीभ रहेको र कुल मृत्यू संख्या ७९ जना रहेको ।

ख) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्य

- सुरक्षा समितिको निर्णयबाट अपराधको नक्सा सहितको एकिकृत रणनीतिक सुरक्षा योजना, २०७९ र एकिकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०७९ तयार गरि स्वीकृत गरिएको
- सुरक्षाकर्मीहरुको परिचालन गरी गैरकानूनी क्रियाकलापहरु निस्तेज पारी क़ानून बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त र प्रभावकारी बनाईएको छ ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ।
- मिति २०७९ मंसिर ०४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य २०७९ निर्वाचनका लागि प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य जिल्लासुरक्षा योजना, २०७९ को तयार गरिएको सुरक्षा योजना अनुसार कार्य गरिएको ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार गरी १० वटा बैठकहरु सम्पन्न गरि भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।
- जिल्लाको विपद्जन्य घटनाका कारण हनु सक्ने क्षती हुन नदिनका लागि सुरक्षा निकायहरुले सम्बन्धित स्थानीय तहहरु र अन्य निकायहरुसँग समयमानै सहजिकरण गरिएको ।
- प्रमुख जिल्ला अधिकारीबाट सुरक्षा निकायहरु निरीक्षण तथा अनुगमन गरि निर्देशन दिनुका साथै प्रतिवेदन पेश गरिएको ।
- गृह मन्त्रालयबाट प्राप्त सुरक्षा सम्बन्धमा प्राप्त परिपत्रहरुको आवश्यक कार्यान्वियन गरिएको ।

ग) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न निर्णयहरु भएको र उक्त निर्णयहरु कार्यान्वियनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्ला स्थित सबै स्थानीय तहहरुले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता राखी स्थानीय विपद् व्यवस्थापन समितिलाई थप क्रियासिल बनाई नजिकको सुरक्षा निकायसँग समन्वय गरेर विपद्का सभाव्य घटनाहरुको न्यूनीकरण गर्न पहल गर्ने ।
- जिल्ला विपद् व्यवस्थापन समितिको ३ (तीन) वटा बैठक आवश्यकता अनुसार बसी विभिन्न निर्णयहरु हुने गरेको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको ।
- जिल्लामा बाढीपहिरो, चटयांक तथा अन्य विपद्जन्य घटनाबाट क्षती भएका व्यक्तिहरु (परिवार) लाई आवश्यकता अनुसार तत्काल राहत उपलब्ध गराउने गरिएको ।
- विपद् प्रभावित व्यक्तिहरुलाई प्रदेश सरकारबाट सरकारबाट राहत उपलब्ध गराउन प्रदेश मन्त्रालयमा सिफारिस गर्ने गरिएको ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

- जिल्लामा आ.व. २०७८/०७९ मा विपद्को क्षेत्रमा भएको कार्यप्रगतिको बार्षिक प्रतिवेदन तयार गरिएको ।
- सबै स्थानीय तह समेट्ने गरि उपलब्ध उपकरण सहितको QRT/IRT को परिचालन योजना तयारी।
- DEOC / LEOC चलायमान बनाउन समन्वय बैठक संचालन।
- जिल्लामा मिति २०७९/०६/१९ देखि अविरल परिरहेको बर्षातको कारण गएको बाढीपहिरो घटनाबाट क्षती भएका व्यक्तिहरु (परिवार) लाई आवश्यकता अनुसार तत्काल राहत उपलब्ध गराउने गरिएको। साथै प्रभावित क्षेत्रको श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूबाट तत्काल निरिक्षण र अनुगमन गर्नुभई राहत समेत प्रदान गर्नुभएको।
- यस जिल्ला अन्तर्गत माण्डवी गाउँपालिका तथा ऐरावती गाउँपालिका लगायतका पालिकाहरुमा बर्षातको कारण घरबास क्षति भएका परिवारलाई यूनिसेफ लगायतका संस्थासँग समन्वय गरि राहतसमेत वितरण गरिएको।
- विपद्जन्य घटनाको कृत्रिम अभ्यास अन्तरगत मल्लरानी गाउँपालिका वडा नं. ४ पाटी चोकमा सशस्त्र प्रहरी बल आश्रीत गुल्म बिजुवार प्युठानको प्राविधिक सहयोग र जिल्ला प्रशासन कार्यालयको आयोजनामा ग्यासको सिलिन्डरबाट ग्यास लिक भई आगलागि भएमा त्यसबाट अपनाउनुपर्ने सावधानी तथा व्यवस्थापनका सम्बन्धमा अभ्यास गरेर सर्वसाधरणलाई प्रस्तुति गरी जानकारी गरिएको ऽ

घ) सुशासन सम्बन्धी कार्यहरुः-

- दैनिक प्रतिवेदन प्रणाली (DRS) र मासिक प्रगति प्रतिवेदन पठाइएको ।
- जिल्लामा विकास निर्माणका कार्यहरु गर्ने कार्यालयहरु तथा स्थानीय तहसँगको समन्वय गरी विकास निर्माणका कार्यहरुलाई सुचारु रुपले समयमै सम्पन्न गर्न विकास निर्माणसँग सम्बन्धीत सरोकारवाला निकायहरुवीचको समन्वय बैठक गरिएको ।
- कार्यालयका कर्मचारीहरुको नियमित स्टाफ बैठक बसी सेवा प्रबाहलाई छिटो, छरितो, सरल, सहज, प्रभावकारी, नागरिकमैत्री बनाउने लगायतका निर्णयहरु गरी सोको कार्यान्वयन गर्ने गरिएको ।
- जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको ।
- समन्वयात्मक बैठक बसी भएका निर्णयहरु सम्बन्धित सरोकारवाला सबैले कार्यान्वयन गर्ने गरिएको ।
- सरकारी कार्यालयको सवारी साधन सार्वजनिक विदा र जिल्ला वाहिर लैजादा दुरुपयोग हुने सम्भावनालाई मध्यनजर गरी सवारी पासका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।
- संघ,प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरुले पुँजीगत खर्च बढ्ने गरी आयोजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ प्रभावकारी ढंगले समयमनै सम्पन्न हुने गरी सञ्चालन गर्ने व्यवस्था गरिएको ।
- संघ र प्रदेश सरकारका कार्यालयहरुको निरीक्षण गरी सुशासन र पारदर्शिता कायम गर्ने कार्यालाई उच्च प्राथमिकता दिइएको ।
- सूचना अधिकारीको त्रैमासिम बैठक सम्पन्न गरिएको ।
- जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालय जस्पुरको नेतृत्वमा बडडाँडा, चकचके, भिंगृ, बिजुवार र बाग्दुला बजार क्षेत्रको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय दाङ्ग, घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघका, सञ्चारकर्मी र सुरक्षा निकायका प्रतिनिधिको उपस्थितिमा संयुक्त बजार अनुगमन गरी

प्रशासकीय अधिकृत

म्याद गुज्रिएका सामानहरु जफत गरि नष्ट गरिएको, मूल्य सूचि राख्न, व्यवसाय दर्ता गरि सञ्चालन गर्न निर्देशन दिइएको साथै खाद्य बस्तुको नमुना संकलन गरि जाचँ गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय दाङ्ग पठाइएको ।

- विभिन्न संस्थाहरुको अनुगमन गरि पृष्ठपोषण समेत प्रदान गरिएको।
- गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय तथा अन्य तालुक निकायहरुबाट प्राप्त निर्देशन र परिपत्र आदीको कार्यान्वयन गर्ने गरिएको ।

ङ) आर्थिक प्रशासन सम्बन्धी कार्यहरु

- चालु आ.व. २०७९।०८० का लागि विनियोजन भएको पुँजीगत रकम मध्ये त्रैमासिक प्रगति तर्फ वित्तीय प्रगति ४७.६९ प्रतिशत र भौतिक प्रगति ४८ प्रतिशत रहेको ।

च) अन्य कार्यहरु

- मिति २०७९ मंसिर ०४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि जिल्ला प्रशासन कार्यालय र जिल्लामा अवस्थित सुरक्षा निकायको प्रतिनिधि सम्मिलित म्यादि प्रहरि छनौट उपसमिति गठन भई शारीरिक स्वास्थ्य परीक्षण, लिखित र मौखिक परीक्षा सञ्चालन गरि उपयुक्त उम्मेदवार नियुक्तिका लागि सिफारिस गरिएको ।
- प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि संवेदनशिल मानिका मतदात केन्द्र र भौगोलिक अवस्थाको सुरक्षा निकायका प्रमुखहरुबाट निरीक्षण तथा अनुगमन गरिएको ।

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
प्युठान

Website: www.daopyuthan.moha.gov.n
E-Mail:- daopyuthan@moha.gov.
daopyuthan2074@gmail.co

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या:- ०७९/०८०
चलानी नं : १०५४

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
प्युठान

मितिः- २०७९/०६/३१

बिषयः-जाहेरी।

श्री गृह मन्त्रालय,
(शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरबार, काठमाण्डौं।

प्रस्तुत विषयमा मुख्य निर्वाचन अधिकृत श्री देवप्रसाद योगीज्यूको अध्यक्षतामा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को निर्वाचनमा निर्वाचन आचार संहिता, २०७९ को कार्यान्वयन तथा परिचालन गर्ने गराउने सम्बन्धी बैठक मिति २०६९/०६/३० गते बसि विभिन्न निर्णय गरियो ।साथै सो बैठकका निर्णय यसैसाथ संलग्न गरि पठाइएको व्यहोरा सादर अनुरोध छ।

२०७९/०६/३१
प्रशासकीय अधिकृत

DATE:

आज मिति २०७४।८।३० गतेका दिन मुख्य निर्वाचन अधिकृत श्री देवप्रसाद योगी ज्यूको अध्यक्षतामा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७४ को निर्वाचनमा निर्वाचन आचार संहिता २०७४ को कार्यान्वयन तथा परिपालना गर्ने गराउने सम्बन्धी बैठक आयोजना गरी निम्न बमोजिम बुदामा निर्णय गरियो।

उपस्थिति

मुख्य निर्वाचन अधिकृत श्री देवप्रसाद योगी
प्रमुख जिल्ला अधिकारी श्री सुशिला नेपाल
प्रहरी नायब उपरिक्षक श्री ध्रुवास खड्का
राष्ट्रिय अनुसन्धान प्रमुख श्री हिरेन्द्र कुँवर
सहायक निर्वाचन अधिकृत श्री विरेन्द्रप्रकाश खड्का
प्र.कोष नियन्त्रक श्री रविन प्रसाद अर्याल
जिल्ला निर्वाचन अधिकारी श्री देविराम पाठक

निर्वाचन आचारसंहिता, २०७९को कार्यान्वयन तथा परिपालनालाई व्यवस्थित, प्रभावकारी र उद्देश्यमूलक बनाउन सबै पालिका देहाय बमोजिम निर्वाचन आचारसंहिता स्थानिय अनुगमन समिति गठन गर्ने।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| पालिका स्थित/नजिकको प्रहरी इकाई प्रमुख | सदस्य |
| पालिका स्थित राष्ट्रिय अनुसन्धान कार्यालयको प्रमुख/प्रतिनिधि | सदस्य |
| पालिका स्थित सामाजिक विकास हेर्ने अधिकृत | सदस्य |
| पालिका स्थित स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| पालिकास्थित निर्वाचन सम्पर्क व्यक्ति | सदस्य- सचिव |

समितिले देहायका कार्यका अतिरिक्त सम्बन्धित पालिकामा निर्वाचन आचारसंहिता, २०७९ को कार्यान्वयन तथा परिपालनको अनुगमन गरी आचारसंहिता विपरित कार्य भए गरेको पाईएमा यथासक्य चाँडो जिल्ला आचारसंहिता अनुगमन समितिमा जानकारी तथा प्रतिवेदन गर्ने।

देहाय

(क) कुनै राजनैतिक दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई प्रदर्शन गर्न वा गराउने नदिने ।

(ख) कसैको निजि घर जग्गा वा सार्वजनिक भवन सार्वनिक उध्यान सार्वजनिक सडकका पोल वा कुनैपनि सार्वजनिक स्थानमा दलको झण्डा दल वा निर्वाचन चिन्ह राख्न वा टास्न नदिने टास गरेको पाईएमा हटाउने वा सम्बन्धित दललाई हटाउन लगाउने ।

(ग) निर्वाचन प्रचारप्रसार आमसभा तथा जुलुसमा बालबलिकाको प्रयोग गराउन नदिने।

(घ) आचारसंहिता उल्लंघन भएको पाइएमा जिल्ला आचारसंहिता अनुगमन अधिकृतसंग समन्वय गरी प्रमाण सहित कारवाहिको लागि पठाउने।

(ङ) जिल्ला आचारसंहिता अनुगमन समितिको नियमित सम्पर्कमा रही समितिले लगाएका आचारसंहिता कार्यान्वयन तथा परिपालना गराउने सम्वन्धि अन्य कार्यहरु गर्ने।

यसरी गठन भएको समिति र उक्त समितिको काम कर्तव्यका सम्बन्धमा सबै पालिकालाई जानकारी गराई सो बमोजिम गर्न गराउन पत्राचार गर्ने।

अधिकृत